June 17, 2026

मुख्य समाचार

- प्रधानमन्त्रीद्वारा फ्रान्समा जारी G7 शिखर सम्मेलन सत्रमा सम्बोधन
- भारत र फ्रान्सद्वारा पेरिसमा भिभाटेक दुई हजार छब्बीस मा भारत मण्डपको उद्घाटन
- भारतीय दूतावासद्वारा एम.टी सेटेबेलोमा ज्यान गुमाएका दुई भारतीय नागरिकको पार्थिव शरीर स्वदेश फिर्ता ल्याइएको पुष्टि
- NTA द्वारा NEET परीक्षा अगाडि ठगी गर्नेहरूबाट सावधान रहन आग्रह अनि
- फिफा विश्वकपमा, आज पोर्चुगलको DR कंगोसँग खेल

PM-G7

प्रधानमन्त्री नरेन्द्र मोदीले आज फ्रान्सको इभियनमा जारी G7 शिखर सम्मेलनमा "सबैको हितका लागि सन्तुलित, समावेशी र दिगो आर्थिक वृद्धि प्रवर्द्धन" विषयको महत्वपूर्ण कार्य सत्रलाई सम्बोधन गर्नुभयो। प्रधानमन्त्रीले आफ्नो सम्बोधनमा, विकासशील देशहरूलाई आर्थिक लचिलोपन प्रदान गर्ने संयन्त्रहरू विकास गर्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको आवश्यकतालाई जोड दिनुभयो। उहाँले अफ्रिका, ल्याटिन अमेरिका र प्रशान्त टापु देशहरूलाई जोड्ने कनेक्टिभिटी परियोजनाहरू प्रस्ताव गर्नुका साथै कनेक्टिभिटी र व्यापारलाई गति दिने अन्तर्राष्ट्रिय परिचालन साझेदारी (IMPACT) सिर्जना गर्ने सुझाव पनि दिनुभयो, जसमा G7 को पूँजी, भारतको प्रतिभा र ग्लोबल साउथको स्वामित्वलाई संयोजन गर्न सकिने बताउनुभयो। उहाँले सत्रको क्रममा "सबका साथ, सबका विकास, सबका विश्वास, सबका प्रयास" मा आधारित भारतको विकास कथाको बारेमा बोल्नुभयो। प्रधानमन्त्रीको संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको द्विपक्षीय भेटमा विशेष ध्यान रहनेछ। फेब्रुअरी दुई हजार पच्चीस मा वाशिंगटन डीसीमा भएको अन्तिम भेटपछि दुई नेताहरू बीचको यो पहिलो प्रत्यक्ष अन्तरक्रिया हुनेछ। संवाददाता द्वारा एक रिपोर्ट: BYTE….

Vivatech-India-France

भारत र फ्रान्सले पेरिसमा भएको भिभाटेक दुई हजार छब्बीस मा भारत मण्डपको उद्घाटनमा नवप्रवर्तन, Artificial Intelligence र प्रविधि सहयोगप्रति आफ्नो प्रतिबद्धता पुन: पुष्टि गरेको छ। केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयल र फ्रान्स कि AI तथा डिजिटल मामिला मन्त्री एनी ले हेनान्फले दुई देशहरू बीचको बढ्दो रणनीतिक साझेदारीलाई प्रकाश पार्दै कार्यक्रममा बोल्नुभयो। श्री पियुष गोयलले नवप्रवर्तकहरू र स्टार्टअपहरूलाई सम्बोधन गर्दै, प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनद्वारा घोषणा गरिएको भारत-फ्रान्स नवप्रवर्तन वर्ष दुई हजार छब्बीस मार्फत भारत-फ्रान्स साझेदारीलाई अझ बलियो बनाएको बताउनुभयो। उहाँले भारतले युवा जनसंख्या, STEM स्नातकहरूको ठूलो समूह, बलियो डिजिटल पूर्वाधार र लोकतान्त्रिक शासन सहित AI युगका लागि प्रमुख फाइदाहरू प्रदान गर्दछ भनेर बताउनुभयो।

India-Oman Repatriation

ओमानस्थित भारतीय दूतावासले एम.टी सेटेबेलोमा भएको आक्रमणमा ज्यान गुमाएका दुई भारतीय नागरिकको पार्थिव शरीर स्वदेश फिर्ता ल्याइएको पुष्टि गरेको छ। दूतावासले सामाजिक सञ्जालमा आदित्य शर्मा र शिवानन्द चौरासियाको अवशेष भारत फिर्ता ल्याएको र यस दुःखको घडीमा शोकसन्तप्त परिवारहरूसँग गहिरो समवेदना व्यक्त गरेको छ।

Rajnath Singh

रक्षामन्त्री राजनाथ सिंहले आर्थिक वर्ष दुई हजार पच्चीस छब्बीस मा भारतको वार्षिक सुरक्षा उत्पादन एक लाख अठत्तर हजार करोड रुपैयाँको उच्चतम स्तरमा पुगेको कुरा प्रकाश पार्नुभएको छ। उहाँले स्वदेशी सुरक्षा उत्पादन आर्थिक वर्ष दुई हजार तेह-चौध बाट लगभग चार गुणा बढेको बताउनुभएको छ। श्री सिंहले सामाजिक सञ्जाल पोस्टमा, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले आफ्नो राष्ट्रिय सुरक्षा संरचनामा ऐतिहासिक परिवर्तन देखेको उल्लेख गर्नुभयो। यसका साथै प्रधानमन्त्री मोदीले पनि विगत एक दशकमा भारतको रक्षा क्षमतामा उल्लेखनीय परिवर्तन आएको कुरा प्रकाश पार्नुभयो। उहाँले आफ्नो सामाजिक सञ्जाल पोस्टमा MyGov को थ्रेड साझा गर्दै, देशले कसरी वायु, जमिन र समुद्रमा आफ्नो रक्षा क्षमताहरूलाई बलियो बनाएको, स्वदेशी प्रविधिहरू उन्नत बनाएको र आत्मनिर्भरता र राष्ट्रिय सुरक्षाको लागि बलियो जग निर्माण गरेको छ भनेर व्याख्या गर्नुभयो।

Meity-Ashwini Vaishnav

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले आज, भारत एक प्रमुख इलेक्ट्रोनिक्स उत्पादन केन्द्रको रूपमा देखा परेको र अब विश्वको छैटौं ठूलो इलेक्ट्रोनिक्स निर्यातकर्ता भएको बताउनुभयो। श्री वैष्णवले पुणेको रंजनगाउँ एम.आई.डी.सी-मा अमेरिकास्थित कम्पनी जबिलको नयाँ उत्पादन सुविधाको उद्घाटन गरेपछि, प्रधानमन्त्री मोदीको नेतृत्वमा भारत विश्वव्यापी इलेक्ट्रोनिक्स उत्पादन गन्तव्यमा परिणत भएको र विश्वभरका बजारहरूमा उत्पादनहरू निर्यात गरिरहेको बताउनुभयो।

Bhupender Yadav

केन्द्रीय वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले आज, नयाँ दिल्लीमा विश्व मरुभूमिकरण र खडेरी विरुद्ध लड्ने दिवस २०२६ को उपलक्ष्यमा आयोजित कार्यक्रमलाई सम्बोधनमा, भारतले दुई हजार तीस सम्ममा दुई करोड साठी लाख हेक्टर जमिन पुनर्स्थापना गर्ने लक्ष्य राखेको छ भने दुई करोड सत्र लाख साठी हजार हेक्टर जमिन पुनर्स्थापना प्रयासमा ल्याइसकेको बताउनुभयो। उहाँले देशको लगभग उन्तीस प्रतिशत भौगोलिक क्षेत्र भूमि क्षयीकरण र मरुभूमिकरणबाट प्रभावित रहेको बताउनुभयो।

NTA-NEET

राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले NEET परीक्षा अगाडि अभिभावक र उम्मेदवारहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ। एनटीएले सामाजिक सञ्जाल पोस्टमा, टेलिग्राममा ठगी गर्नेहरूले पुन: परीक्षाको पेपर साझा गरेको दाबी गर्दै चौध हजारदेखि पच्चीस हजार रुपैयाँसम्मको पैसा माग्ने च्यानलहरू चलाइरहेको बताएको छ। NTA-ले पुन: परीक्षाको लागि कुनै पनि लीक पेपर नभएको स्पष्ट पार्दै, परीक्षा अघिका च्याटहरू देखाउने नक्कली "प्रमाण" भिडियोहरू पनि प्रसारित भइरहेको जानकारी दिएको छ।

Manipur

मणिपुरमा, सुरक्षा बलले राज्यभरि विद्रोह विरोधी र कानून प्रवर्तन अभियानहरू तीव्र पारेको छ। अधिकारीहरू अनुसार, छुट्टाछुट्टै कारबाहीमा तीन आतंककारीहरूलाई पक्राउ गरिएको छ भने छब्बीस-वटा अवैध बंकरहरू नष्ट गरिएको छ। आतंककारीहरूलाई इम्फाल पश्चिम जिल्लाका विभिन्न स्थानहरूबाट पक्राउ गरिएको हो। प्रहरीले उनीहरू कथित रूपमा धेरै हिंसात्मक र आपराधिक गतिविधिहरूमा संलग्न रहेको बताएको छ।

Piyush Goyal-Monaco Prince

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज मोनाकोका राजकुमार अल्बर्ट द्वितीयलाई भेट्नुभयो। श्री गोयलले सामाजिक सञ्जाल पोस्टमा, दुई नेताहरुले दिगोपन, नीलो अर्थतन्त्र, नवप्रवर्तन र उदीयमान प्रविधिहरू जस्ता क्षेत्रहरूमा भारत-मोनाको साझेदारी विस्तार गर्नेबारेमा छलफल गरेको बताउनुभयो।

India-Afghanistan

भारतले काबुललाई थप पाचँ टन अत्यावश्यक औषधि पठाएको छ। विदेश मन्त्रालयले अफगानिस्तानका जनताको कल्याणका लागि मानवीय सहायता उपलब्ध गराउने देशको स्थायी प्रतिबद्धतालाई पुन: पुष्टि गरेको छ।

FIFA

फिफा विश्वकपमा, आज संयुक्त राज्य अमेरिकाको Houston- मा, पोर्चुगलले DR कंगोसँग खेल्नेछ। खेल भारतीय समय अनुसार राति दस तीस बजे सुरु हुनेछ। आज अस्ट्रियाले जोर्डनमाथि तीन-एक को जित हासिल गर्दै छत्तीस वर्षमा आफ्नो पहिलो विश्वकप खेल जितेको छ भने अर्जेन्टिनाले पनि अल्जेरियामाथि तीन-शून्य को प्रभावशाली जित हासिल गर्दै आफ्नो अभियानको सुरुवात गरेको छ। लियोनेल मेस्सीले खेलमा ह्याट्रिक गर्दै इतिहास रचेका छन्। अर्को खेलमा, नर्वेले इराकलाई चार-एक ले पराजित गरेको छ।

मुख्य समाचार पुनः एकपटक

- प्रधानमन्त्रीद्वारा फ्रान्समा जारी G7 शिखर सम्मेलन सत्रमा सम्बोधन
- भारत र फ्रान्सद्वारा पेरिसमा भिभाटेक दुई हजार छब्बीस मा भारत मण्डपको उद्घाटन
- भारतीय दूतावासद्वारा एम.टी सेटेबेलोमा ज्यान गुमाएका दुई भारतीय नागरिकको पार्थिव शरीर स्वदेश फिर्ता ल्याइएको पुष्टि
- NTA द्वारा NEET परीक्षा अगाडि ठगी गर्नेहरूबाट सावधान रहन आग्रह अनि
- फिफा विश्वकपमा, आज पोर्चुगलको DR कंगोसँग खेल